म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९२ मंगलबार २१ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 7 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रशासनद्वारा चाडपर्व लक्षित अनुगमन

हेटौंडा, २० कात्तिक/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले चाडपर्व लक्षित बजार अनुगमनलाई निरन्तरता दिएको छ ।

सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौंडाको स्कुलरोडमा रहेका ९ ओटा खाद्यान्न पसलहरुमा अनुगमन गरेको हो । प्रशासनले अनुगमनका क्रममा कमिकजोरी भेटिएका तीन वटा पसललाई जरिवाना गराएको छ । अन्यलाई पसलमा सचेत गराएको प्रशासनले जनाएको छ ।

खाद्य वस्तुको उपभोग्य म्याद गुज्रिएको विभिन्न सामग्री रिप्याकेजिङ गर्ने र चिनीको कृतिम अभाव सिर्जना गर्ने हिरालाल साह कलवारको घरसंसार मार्टलाई ५०/५० हजार रुपैयाँ र चिनीको खरिद विल लुकाउने श्री ट्रेडर्सलाई १० हजार जरिवाना गरेको छ ।

अनुगमनमा उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासुप्रसाद खतिवडा, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक विक्रम मगर, घरेलु तथा साना उद्योग कार्यालयका दिपक घिमिरे, उद्योग वाणिज्य संघ मकवानपुरका प्रतिनिधि सुजन सुवेदीलगायतको उपस्थिति थियो ।

# हेटौंडामा फूल खेती बढ्दै, ढकमक्क सयपत्री फूलले स्वागत गर्दै तिहार

प्रतिक्षा न्यौपाने





हेटौंडा, २० कात्तिक/ हेटौंडासहित मकवानपुरका अधिकांश स्थानीय तहमा कुनैबेला भारतबाट आयातित कृतिम फूलका मालाको भरमा तिहार पर्व मनाउने गरिन्थ्यो ।

इन्द्रसरोबर, बकैया, कैलाश, भीमफेदीलगायतका पालिकाहरुमा फूलेका ढकमक्क फूलले तिहार पर्व आएको अनुभूति गराउँथ्यो । तर, हेटौंडा, मनहरी, मकवानपुरगढी, थाहा नगर पालिकाको तल्लो क्षेत्रमा स्थानीय स्तरमै उत्पादित फूल अपुग भएपछि भारतबाट आयातित कृतिम फूलका मालाको भर पर्नुपर्ने थियो । अब भने हेटौंडाका विभिन्न स्थानमा व्यावसायिक फूल खेती हुन थालेपछि भारतीय कृतिम फूलका माला विस्तारै विस्थापित हुँदैछ । हेटौंडामा किसानले लगाएको सयपत्री फूल यतिबेला बारीमा ढकमक्क फूलेर बजार लैजान तयार भएका छन् ।

पछिल्ला केही वर्षयता मकवानपुरमा व्यावसायिक फूलखेती हुने क्रम बढ्दै गएको हो । मकवानपुरमा २० देखि २५ जना व्यावसायिक फूल खेती गर्ने किसान रहेको जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले जानकारी दिए । उनै घलान पनि हेटौंडाको १२ नम्बर वडामा १ विगाहा क्षेत्रफलमा व्यावसायिक फूल खेती गर्दै आएका छन् । विगत ५ वर्षदेखि फूल खेती गर्दै आएका घलानको मुख्य आयस्रोत फूल खेती हो । जिल्ला समन्वय समितिमा दिनभर काम गरेर उनी फूल खेतीमा पनि ध्यान दिन सक्षम छन् ।

उनकाअनुसार मकवानपुरको माथिल्लो भेग अर्थात् थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका, भीमफेदी गाउँपालिका र मकवानपुरगढीमा सयपत्री फूलको बढी खेती हुने गरेको छ । तर, यहाँको खेती सिजनमा मात्रै भइरहेको घलानले बताए । हेटौंडामा भने बाह्रै महिना फूल खेती गर्ने किसान धेरै भइसकेका छन् । हेटौंडाकै १६, १७ र १८ नम्बर वडाको हर्नामाडी, हटियामा व्यावसायिक फूल खेती बढ्दै गइरहेको जिसस प्रमुख घलानले जानकारी दिए । हेटौंडा-६, १२, १३, १४ नम्बर वडालगायतका स्थानका २० बिगाहा क्षेत्रफलमा फूलखेती भइरहेको छ ।

जिसस प्रमुख घलानले नगदे बाली भएकाले मनग्यै आम्दानी गर्न सकिने बताउँछन् । 'नगदे बाली हो । सिजनमा राम्रो हुन्छ । तिहार, संघसंस्थाको साधारणसभा, अन्य चाडपर्व, मेला-महोत्सवमा, विवाह लगनमा माग बढ्दो छ । फूलको माग नहुने दिन नै छैन', घलानले भने, 'पूजाआजा नहुने बेलामा माग आउँदैन', सिजनमा मात्रै खेती गर्नेले ५-६ लाख र बाह्रै महिना खेती गर्नेले १० देखि १५ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेको उनको भनाइ छ । घलानले आफूलाई पनि फूल खेतीबाट राम्रो आम्दानी भइरहेको बताउँछन । फूल खेतीमा लागतको दोब्बर आम्दानी हुने उनले बताए ।

हेटौंडामा मात्रै नियमित खेती गर्ने २०-२५ जना रहेका छन् । सिजनमा खेती गर्ने धेरै रहेको घलानले बताए । उत्तरी क्षेत्रमा भीमफेदी गाउँपालिकाको नामटार, भैंसे, इन्द्रसरोबर गाउँपालिकाको हुमानेभञ्ज्याङ, मकवानपुरगढीको बुढीचौर, बकैयाको ठिंगनलगायत क्षेत्रमा बढी फूल खेती हुने गरेको छ । चिसो मौसमा बढी समय बोटमा फूल रहिरहने र चाँढै नऔंल्याउने भएकाले माथिल्लो भेगमा खेती उत्तम रहेको घलानले सुनाए । हेटौंडामा १३ नम्बर वडामा सुरज थिङ, हेटौंडा-१२ का चन्द्र घलानले व्यावसायिक रुपमा फूल खेती गर्दै आएका छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर ६ का कृषक बालकृष्ण चौलागाईंले विगतका वर्षदेखि नै व्यावसायिक फूलको खेती गर्दै आएका छन् । सयपत्री फूल फूलेपछि वरिपरिको सौन्दर्यसमेत बढेको उनी सुनाउँछन । छाटो समयमा राम्रो आम्दानी गर्न सकिने भएकाले यसतर्फ किसानको आकर्षणसमेत बढ्दै गएको चौलागाईले बताए । चौलागाईंले यसवर्षलाई २० हजार माला बजार लाने तयारीसमेत गरेको बताए । उनले बिरुवा पनि बेच्ने हुनाले त्यही बिरुवाका फूलहरुको व्यवस्थापन समेत आफैंले गर्दै आएको बताए ।

चौलागाईको आफ्नो ६/७ जनाको घर परिवार यसै व्यवसायले धानेको बताए । उनले तिहारको बेलामात्रै नभई ३ सय ६५ दिन नै फूल बेच्न लागि परेको जानकारी दिए । कुनै सार्वजनिक कार्यक्रमहरुमा पनि स्वदेशमै उत्पादित फूलको माग बढ्दो रहेको उनको भनाइ छ । विगतमा भारतबाट आयातित खादाको प्रयोग गरिने औपचारिक कार्यक्रमहरुमा हाल फूलको प्रयोग बढेको हो । चौलागाईलाई औपचारिक कार्यक्रमहरुका लागि फूलको माग आउने गरेको छ । अहिले खादाको वैकल्पिकरुपमा मालाको प्रयोग बढदै गएको उनले बताए । जसकारण आफूले वर्षभरि नै फूल फूलाएर व्यावसायिक योजना बनाउने उद्देश्य रहेको सुनाए ।

सयपत्री फूलको सुगन्धले चाडपर्वको माहोललाई थप उल्लासमय बनाएको छ । १२ महिना फूल्ने भएपनि तिहारमा सयपत्री फूलको विशेष महत्व रहने गर्छ । तिहारमा पूजाआजा गर्न, घर सजावट गर्न र भाइटीकामा दाजुभाइका लागि माला बनाउन सयपत्री फूलको प्रयोग हुने गर्दछ । सौन्दर्य र सुगन्धित सयपत्री फूलका अनेकन विशेषता छन् । पारिलो घाम लाग्ने ठाउँमा राम्रोसँग फुल्ने सयपत्री फूल रोपेको ८० देखि ९० दिनमा फुल्ने गर्छ । मकवानपुरमा ढकमक्क फूलेका सयपत्री फूलहरुले तिहारलाई स्वागत गरिरहेको छ ।

उज्यालोको पर्व तिहारमा सबैभन्दा बढी प्रयोग हुने सयपत्री फूलको मकवानपुरमा व्यावसायिक खेती हुन थालेसँगै स्थानीय तहरुले पनि प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने किसानहरु बताउँछन् । हालै संघीय सरकारले भारतबाट आयत हुने फूल र प्लाष्टिकजन्य सामग्रीमा रोक लगाउने निर्णय गरेकाले स्थानीय किसानहरुको हौसला बढाएको छ । व्यवसायी चौलागाईंले स्वदेशमै उत्पादित फूलले बजारको माग पूरा गरेको अवस्थामा बाहिरबाट आउने फूल रोक्ने कार्यले स्थानीय किसानको व्यावसायिक सुरक्षामा ठूलो मद्दत पुग्ने बताए ।

## भाइटीकाको साइत विहान १०:५१ मा

हेटौंडा, २० कात्तिक/ नेपाल पञ्चाङ्क निर्णायक विकास समितिले यसवर्षको भाइटीकाको शुभ साइत कात्तिक २९ गते बुधबार १० बजेर ५१ बजे मिनेटमा रहेको जनाएको छ ।

भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहेपनि साइत खोज्नेका लागि १० बजेर ५१ मिनेटमा साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय नियम रहेको समितिले जनाएको छ ।

यसवर्षको यमपञ्चक अर्थात् तिहार कात्तिक २५ गते शनिबारदेखि सुरु हुनेछ । तिहार नेपालीको दोस्रो ठूलो चाड हो । नेपालमा धेरैले मनाउने दसैं र तिहारलाई राष्ट्रिय पर्वका रुपमा मनाइन्छ । तिहार पाँच दिनसम्म मनाउने गरिन्छ ।

# समुदायमा आधारित कृषि प्रणालीमा जाँदैछौं: *मुख्यमन्त्री*

साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कृषिक्षेत्रमा राज्यले गरेको लगानीको अनुपातमा प्रतिफल प्राप्त नभएको बताएका छन् ।


उनले कृषिमा भएको व्यक्ति केन्द्रित अनुदान लगानीबाट प्रतिफल प्राप्त नभएकाले बागमती प्रदेश सरकार समुदायमा आधारित कृषि प्रणालीमा जान लागेको बताए । राष्ट्रिय योजना आयोगको आयोजनामा सोमबार हेटौंडामा भएको सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमासम्बन्धी बागमती प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको उद्घाटनपछि बोल्दै मुख्यमन्त्री जम्कट्टेलले कृषिमा यसअघि व्यक्ति केन्द्रित गरी दिइएको अनुदान पहुँचवालाले मात्र पाएको बताए । राजनीतिक परिवर्तनमा क्रमभङ्ग भयो, प्रशासनिक क्षेत्रमा पनि संघीयताको भावनाअनुसार परिवर्तन भएको तर, योजना निर्माणमा पुरानै मानसिकता रहेको बताए ।

उनले भौगोलिक अवस्था र आवश्यकताका आधारमा योजना निर्माणमा विशिष्टीकरण आवश्यक भएको औंल्याए । उनले स्थानीय आवश्यकताका आधारमा योजना निर्माण गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय योजना आयोगका सदस्य प्रभु बुढाथोकीले अहिले पन्ध्रौं योजनाको अन्तिम वर्षमा रहेको बताउँदै दीगो विकासका लक्ष्यहरु प्राप्ति हुने गरी आगामी योजना बन्नुपर्ने बताए । बागमती प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नरविक्रम थापाले विकासको मोडलमा परिवर्तन गर्न नागरिक लक्षित योजना तर्जुमा हुनुपर्ने बताए ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक यदुनाथ आचार्यले पन्ध्रौं योजनाको समिक्षा, प्रगति, सोह्रौं योजनाको आवश्यकता, नेपालको विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरुको बारेमा जानकारी गराएका थिए । बागमती प्रदेश सरकारका मन्त्रीहरु, बागमती प्रदेशसभा सदस्यहरु, प्रदेशस्थित मन्त्रालयका सचिवहरु, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता रहेको छलफल कार्यक्रम आज मंलबारसम्म सञ्चालन हुने योजना आयोजकले जनाएको छ ।

# प्रविधिमैत्री कृषि गर्नु आवश्यक छ: *कृषिमन्त्री श्रेष्ठ*

साझाकुरा संवाददाता



हेटौंडा, २० कात्तिक/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठले कृषि पेशामा आवद्ध कृषकहरुलाई प्रविधिमैत्री भएर कृषि गर्न आग्रह गरेका छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार हेटौंडामा आयोजना गरेको बागमती प्रदेश स्तरीय कृषि गणना-२०७८ को नतिजा सार्वजनिक गर्दै मन्त्री श्रेष्ठले तथ्याङ्कको तथ्य घट्दा र बढ्दाको अवस्थामा स्थानीय र प्रदेश सरकारले बढी ध्यान दिनुपर्ने बताए । सार्वजनिक तथ्याङ्कलाई आत्मसात गर्दै प्रदेश सरकारले पनि सोहीअनुरुप कार्यान्वयनमा लैजानु पर्ने भन्दै उनले आजको आवश्यक्ता प्रविधि अवलम्बन भएकाले यसलाई उपयोग गरी पेशा गर्न जोडिनुपर्ने बताए । उनले थोरै जमिनमा धेरै उत्पादन गर्नतर्फ किसान उन्मुख हुनुपर्ने बताए ।

कृषकले रसायनिक मलको उपलब्धतालाई मध्यनजर गर्दै प्राङ्गारिक मल प्रयोगमा जोड दिनुपर्ने श्रेष्ठले बताए । राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले सारांशमा मुख्य विषयवस्तु समेटिएको राष्ट्रिय कृषि गणनाको प्रदेशस्तरीय नतिजाको प्रस्तुति प्रस्तुत गरेका थिए ।

सात सय ५३ वटै स्थानीय सरकारको संरचनागत रुपमा कृषि गणना गरिएको निर्देशक कार्कीले बताए । प्रतिनिधित्व हुने गरी तीन लाख ३० हजार एकसय १२ कृषक परिवार छनौट गरी कागजी र ट्याबलेटमार्फत् तथ्याङ्क संकलन गरिएको कार्कीले बताए । कृषक परिवार सुचिकरण लगत, कृषक परिवार प्रश्नावली र वडास्तरीय सामुदायिक प्रश्नावली तयार पारी ७ हजार जनशक्ति परिचालन गरी तथ्याङ्क लिइएको उनले जनाए ।

## वडा कार्यालयमै बैंक खाता खोल्ने र योजना सम्झौता

हेटौंडा, २० कात्तिक/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकाको एउटा वडा कार्यालयले बैंक खाता खोल्ने र योजना सम्झौता गर्ने कार्य कार्यालयबाटै व्यवस्था मिलाएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ८ मा चालु आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने योजनाको उपभोक्ता समितिले वडा कार्यालयमै बैंक खाता खोलेका छन् । ८ नम्बर वडा कार्यालयले वडा क्षेत्रमा गठन हुने उपभोक्ता समितिको खाता सञ्चालनका लागि बैंकसँग सहकार्य गरेर वडामै खाता सञ्चालन शिविर आयोजना गरेपछि उपभोक्ता समितिले वडामै खाता खोल्न सक्ने सेवा पाएका हुन् । थाहा नगरको ८ नम्बर वडाले यस किसिमको सेवा नगरमै पहिलो पटक दिएको वडाध्यक्ष हेमकुमार थिङले जानकारी दिए ।

वडा कार्यालयले महालक्ष्मी विकास बैंक पालुङ शाखासँग सहकार्य गरेर २० कात्तिकमा वडा कार्यालयमा शिविर सञ्चालन गरेको हो । शिविरमा ८ नम्बर वडाका १५ वटा उपभोक्ता समितिले बैंक खाता खोलेका छन् । उपभोक्ताहरुको सहजीकरणका लागि बैंकले सहकार्य गरेपछि उपभोक्ताहरुलाई सजिलो भएको वडाध्यक्ष थिङले बताए । 'यहाँबाट पालुङसम्म पुगेर खाता सञ्चालन गरेर फर्कदा समितिलाई निकै आर्थिक भार पर्थ्यो, त्यो भार अब उपभोक्तालाई नपर्ने भएपछि खुशी भएका छन् ।', उनले भने । खाता सञ्चालनका लागि उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष बैंकमा अनिवार्य पुग्नु पर्दछ ।

उपभोक्ता समितिमार्फत् सञ्चालन हुने १५ मध्ये ९ वटा योजनाको शिविरकै अवसरमा सम्झौतासमेत भएको वडा सचिव तथा प्राविधिक सीताराम ढकालले जानकारी दिए । घरछेवैको वडा कार्यालयबाट बैंक तथा योजना सम्झौताको सेवा पाएपछि स्थानीयहरु खुशी भएका हुन । शिविरका लागि सहयोग र सहकार्य गर्ने महालक्ष्मी विकास बैंक पालुङ शाखालाई धन्यवाद दिदै वडाध्यक्ष थिङले यस किसिमको जनमुखी कामलाई निरन्तरता दिने प्रतिक्रिया दिए । नागरिकलाई गाउँगाउँमा सिहदरबारको अनुभूति हुने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

आयो है तिहार बम्पर अफर !

मासु प्रतिकेजी रु. ३००।-

शुभ दीपावली (तिहार)को अवसरमा चिकेन हाउस सगौरव प्रस्तुत गर्दछ:


कुखुराको मासु रु.३००।- प्रतिकेजी मात्र ।

साथै

१० केजी मासु खरिदमा १ क्रेट अण्डा सितैमा

५ केजीभन्दा माथिको खरिदमा नि:शुल्क होम डेलिभरी सुविधा

यही २०८० कात्तिक १९ देखि २९ गतेसम्म




चिकेन हाउस

हेटौंडा-४, पारिजातपथ, ९८०११२१८३२, ९८५५०७९७४७

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# व्यक्तिगत घटना दर्ता समयमै गरौं

मानिसको व्यक्तिगत जीवनमा हुने सबैखाले घटनालाई व्यक्तिगत घटना भनिन्छ । मानिस जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनु मानिसको जीवनमा हुने घटनाहरु हुन् । यी सबै पाँच घटनालाई स्थानीय पञ्जीकरण अधिकारीसमक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नु पर्छ, नत्र जरिवाना लाग्छ । यी पाँच घटनामध्ये जन्म र मृत्यु सबैको जीवनमा हुन्छ । त्यो अनिवार्य दर्ता गराउनुपर्छ । तर, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई भने हुनपनि सक्छ नहुन पनि सक्छ । यी सबै घटनालाई समयमा दर्ता नगर्दा समाजमा विभिन्नखाले विकृत घटनाहरु पनि हुने गरेका छन् ।

जन्मदर्ता समयमा नगर्दा बालबालिकाले शिक्षा, स्वास्थ्य तथा राज्यबाट प्रदान गरिने विभिन्नखाले सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । जन्मदर्ता नभए नगरिकता बनाउन मिल्दैन । नागरिकता नभए व्यक्तिको वास्तविक परिचय नै खुल्दैन । परिचय नखुल्दा न रोजगार गर्न पाइन्छ न व्यवसाय सञ्चालन । व्यक्तिको परिचय खुलाउने नागरिकता नभएका कारण समाजमा धेरैले असहज जीवन बिताइरहेका छन् । तर, यति हुँदाहुँदै पनि मानिसहरु व्यक्तिगत घटना दर्ता समयमा गर्दैनन् भन्ने गुनासो स्थानीय पञ्जिकरण अधिकारीहरुले बताएका छन् । घटना दर्ताका सन्दर्भमा राज्यको तर्फबाट सञ्चारमाध्यममा त्यत्तिकै सूचित गरिएको पाइन्छ । समयमा व्यक्तिगत घटना दर्ता गराउन बाध्य पार्न जरिवानाको समेत व्यवस्था गरेको पाइएको छ । तर, नागरिकको अकर्मण्यता कायम रहेको पाइन्छ ।

व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्याङ्कसंग सम्बन्धित हुने हुँदा राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रमसमेतमा गम्भीर असर गर्ने हुँदा यसलाई सबैले महत्व दिनु आवश्यक छ । पछिल्लो समय घटना दर्ता कार्यक्रममा धेरै स्थानीयतहले अनलाईन प्रणालीमा समाविष्ट गरिसकेका छन् । त्यसैले कुनैपनि घटना अनिवार्य तर, एकपटक मात्र गर्नुपर्छ । त्यसबाट राज्यले उचित समयमा उचित योजना बनाउन सजिलो र प्रभावकारी हुन्छ । तथ्याङ्क बिना कुनैपनि योजना प्रभावकारी ढंगबाट सञ्चालन नहुने भएका कारण पनि व्यक्तिगत घटना दर्ता अत्यन्तै महत्वपूर्ण विषय भएको हो । यसलाई सबैले समयमै गरेर राज्यलाई सहयोग गर्नु र आफूले सुख पाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २२ गते बुधबार, ८ नोभेम्बर २०२४ ।दशमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:२०, सूर्यास्त ५:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण कसरी गर्ने ?



डा. सुजित शाह

नेपाल भूपरिवेष्टित राष्ट्र हो । यहाँको जमिनको बनावट तराई, पहाड, हिमाल गरी तीन भागमा वर्गीकृत छ । पहाडी भागदेखि दक्षिणतर्फ भारतको सीमासम्म पूर्व-पश्चिम फैलिएको नेपालको त्यो समतल भूभागलाई तराई प्रदेश भनिन्छ । समुद्री सतहबाट ५९ देखि ६०० मिटरको उचाइसम्म फैलिएको यस क्षेत्रले नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग ओगटेको छ । यसको चौडाइ धेरैमा ६० किमि र थोरैमा ४० किमि छ ।

नेपाल कृषि प्रधान देश र अन्नको भण्डार हुनुको मुख्य कारण तराईको त्यो समतल भूभाग नै हो । तराईमा लगभग ९५ प्रतिशत मानिस कृषि पेसामा आबद्ध छन् । उत्पादन र जनसङ्ख्या बसोबासका हिसाबले तराई क्षेत्रलाई नेपालको मुटु पनि भनिन्छ ।

समयको लामो कालखण्ड बित्दा पनि तराईको जमिन सुन्दर, उर्वर, आकर्षक र लोभलाग्दो भएकै कारण आज नेपालको लगभग तीन करोड जनता गर्व गर्दै छन् । तराईको समतल भूभाग सानो हिस्सामा भए पनि यहाँ अत्यधिक मात्रामा अन्न उत्पादन हुँदै आएको छ । तर २१ औं शताब्दीमा आइपुग्दा पनि हामी अझै पुरानै तरिकाबाट कृषि क्षेत्रमा काम गर्दै आएका छौं । यही प्रविधिमा रहिरह्यौं भने अझ पछाडि पर्ने निश्चित छ । आज हाम्रो छिमेकी देश चीनमा झन्डै ९.७५ कृषि योग्य जमिन भए पनि उसले विश्वको लगभग २२५ जनसङ्ख्यालाई पुग्ने गरी खाद्य र अरू कृषिजन्य वस्तु उत्पादन गरेको छ । त्यसैगरी रसियाको जम्मा भूभागमध्य ७.७ प्रतिशत मात्र कृषियोग्य जमिन छ । तर त्यहाँको सम्पूर्ण जनसङ्ख्यालाई पुगेर पनि निर्यात गर्छ । अझै झन् १५ प्रतिशत कृषियोग्य जमिन भएको मेक्सिकोले आफ्नो देशको कुल जनसङ्ख्याको दोब्बर कृषिजन्य वस्तु उत्पादन गर्दछन् । त्यतै ११.९ प्रतिशत कृषियोग्य जमिन भएको जापान आज देश विदेशमा आफ्नो कृषिजन्य वस्तु तीव्र गतिमा उत्पादन गरेर निर्यात र भरिपूर्ण तरिकाले आफ्नो जनतालाई पुर्‍याएको छ । यस्तै विश्वमा अझै कति सानो कृषियोग्य जमिन भएका देशहरू छन् ।

कृषि क्षेत्रमा भएको आधुनिकीकरण र वैज्ञानिकीकरणका कारण मात्र यी देशमा अधिक उत्पादन सम्भव भएको हो । विश्वमा भएको विज्ञानको चमत्कारले अतिकम विकसित देशले पनि कृषि क्षेत्रमा फड्को मारिसकेका छन् । तर विडम्बना तराईको त्यो समतल जमिनमा वैज्ञानिकीकरणको अभावले नेपाल अझै पछाडि परेको छ । हाम्रो देशमा १४.७५ प्रतिशत कृषियोग्य जमिनमध्ये लगभग १३ प्रतिशत कृषियोग्य जमिन तराई भूभागमा पर्छ ।

थोरै कृषियोग्य भूमि भएका देशले आधुनिक स्रोतसाधन, परीक्षण, टेक्निककै कारण धेरै उत्पादन गरेका हुन् । तर धेरै कृषियोग्य जमिन भएका कतिपय देश अविकसित र थोरै उत्पादनमा सीमित छन् । नेपाल, बङ्लादेश, श्रीलङ्का आदि देशमा भ्रष्टाचार, राजनीति अस्थिरता, आधुनिकीकरण कमीले कृषि उत्पादनमा वृद्धि गर्न नसकेका हुन् ।

तराईका किसान परम्परागत कृषि औजार कुटो, कोदालो, कोदाली, चन्देल, दाँदे, खन्ती, डोको, हलो जुवा, फार, टब्ब, बैल्गाद, हँसिया, खुर्पो, बन्चरो, सत्फरा आदिको प्रयोग गरी कृषि उत्पादन गर्दै आएका छन् । त्यसबाट आफ्नो जीवन यापनका लागि मात्र उत्पादन हुन्छ । तीव्र रूपमा बढ्दो जनसङ्ख्यालाई मध्य नजर गर्दा ती परम्परागत औजार विस्थापित गरी आधुनिक कृषि मेसिनले सजिलोसँग नै धेरै उत्पादन गर्न सकिन्छ । तर विडम्बना सरकारका पक्षबाट न कुनै ठोस कदम चालेको छैन । तराईको त्यो समतल भूभागमा किसान बिहानदेखि बेलुकासम्म चर्को घाममा एक छाक खाएर पसिना बगाउँदै छन् । उनीहरुले सिँचाइ, मलजलको व्यवस्था गर्न सकिरहेका छैनन् । कृषिप्रति घट्दो रुचि, सीपयुक्त जनशक्तिको अभाव, जलवायु परिवर्तन, उन्नत जातको बिउको अभाव, माटोको परीक्षणको कमी, रासायनिक मलको उच्च प्रयोग, बजार र किसानबीच ठुलो खाडल, आधुनिक मेसिन र औजारको कमीले जमिन बाँझो राखेर भारतबाट चामल, गहुँ, दाल, तेल, चिनी, मकै खरिद गरिरहेका छन् ।

विकसित मुलुकहरू प्लास्टिक, बोरा आदि प्रयोग गरेर घरको छानोमा आफूलाई पुग्ने र केही बिक्रीसमेत गर्ने गरी उत्पादन गरिरहेका छन् । यो सबै आधुनिकीकरण र वैज्ञानिकीकरणको कारणले मात्र सम्भव भएको हो । नेपालमा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न कुनै निकायले पनि चासो देखाएका छैनन् । हरेक वर्ष बजेट भाषणमा कृषिका बजेट छुट्ट्याइन्छ तर तराईको भागमा केही प्रतिशत मात्र पर्छ । त्यो बजेट निकासा हुन झन्डै एक वर्ष नै लाग्छ । सो बजेटबाट कृषि क्षेत्रमा आवश्यक पर्ने सरसामान किन्न किसान वञ्चित हुन्छन् । किसानको हातसम्म पुग्दा धेरै ठाउँमा भ्रष्टाचार भई नगण्य मात्रामा रहन्छ ।

बैङ्कको ऋण, साहुको गाली र मानसिक तनावले किसान आत्महत्या गर्न बाध्य समेत हुन्छन् । आफ्नो खेत बाँझो राखी र साहुको ऋण तिर्न किसान विदेशतिर पलायन भएका छन् । राजा महेन्द्रले २०२३ सालमा वीरगञ्जमा कृषि औजार कारखाना स्थापना गरे । यो कम्पनीले २०३० सम्म आइपुग्दा ३०० जना कामदारलाई रोजगारी दिएको थियो । यो कम्पनीले त्यो समयमा पनि आधुनिक कृषि औजार उत्पादन गरेर देशभित्र र भारत, बाङ्लादेशलगायत अन्य देशमा निर्यातसमेत गर्थ्यो । विसं २०४७ मा बहुदल आएपछि सरकारी उद्योगलाई निजीकरण गर्न थालियो । विसं. २०५२ मा वीरगञ्जको कृषि औजार कारखाना पनि बन्द भयो । यस्तै कृषि चुन कारखाना, गरूडा चिनी कारखाना आदि तराईमा मात्र नभई नेपालकै धेरै कृषि उद्योगहरू अहिले बन्द अवस्थामा छन् । अझै सम्बन्धित निकायले समयमा ध्यान दिएनन् भने भएका कम्पनी पनि चाँडै बन्द हुने छन् ।

विसं २०७९ देखि डा. महावीर पुनले बन्द भएको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छन् । तर त्यसका लागि सरकारले सहयोग नगरेको पुन: स्वयंले बताएका छन् ।

**कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण कसरी गर्ने ?**

*१. भूप्राविधिक प्रयोगशाला निर्माण*

माटो परीक्षणका लागि भूप्राविधिक प्रयोगशाला चाहिन्छ । माटोलाई कति मात्रामा कुन तत्व चाहिन्छ र कुन तत्व चाहिँदैन भन्ने कुरा भूप्राविधिक प्रयोगशालाद्वारा सजिलै परीक्षण गर्न सकिन्छ । यो प्रयोगशालाद्वारा माटोको उर्वर शक्ति बढाउनमा धेरै मद्दत पुर्‍याउँछ । यो प्रयोगशाला तराईको हरेक नगरपालिका र गाउँपालिकामा माग वा कृषियोग्य जमिनको आधारमा राज्य बाट नि:शुल्क स्थापना गर्नुपर्छ । यसो गर्दा किसानले अनियमित रसायन (खाद्य) प्रयोग गर्दैनन् र चाहेको जति कृषिजन्य वस्तु उत्पादन गरेर देशलाई पुग्ने र साथसाथै विदेशमा निर्यात गर्न सक्छन् ।

*२. दक्ष जनशक्ति*

किसानलाई आवश्यक परेको तालिम समय समयमा दिनका लागि दक्ष जनशक्ति चाहिन्छ । किसानलाई कुन बेला कुन बालीनाली लगाउने, कति मात्रामा कुन रसायन प्रयोग गर्ने, रोग लागेमा के गर्ने भन्ने कुराको विचार हुँदैन । त्यसैले कृषि सम्बन्धित दक्ष जनशक्तिहरू कृषि इन्जिनियर, कृषिमा स्नातक जनशक्ति, जेटीए जस्ता जनशक्ति आवश्यकता पर्छ । यस्ता जनशक्तिले विशेषज्ञता अनुसार किसानलाई तालिम दिन मद्दत गर्दछ । यसले कुन मौसममा कुन जातिको बालीनाली लगाउने, कति मात्रामा बीउ छर्ने, कति मात्रामा पानी राख्ने, कुनै रोग लागे भने के गर्ने आदि सबै कुराको ज्ञान र सीप दक्ष जनशक्तिसँग हुन्छ ।

त्यसैले तीन तहको सरकारको समन्वयमा यस्ता दक्ष जनशक्ति तराईको हरेक नगरपालिका गाउँपालिकामा र वडामा व्यवस्था गर्नुपर्छ । यसले किसानलाई नि:शुल्क तालिम उपलब्ध हुन्छ । साथै दक्ष जनशक्तिको लागि रोजगारी सिर्जना पनि हुन्छ ।

*३. उन्नत जातका बीउ र सिँचाइको व्यवस्था*

उन्नत जातको बीउ छनोट नगरेसम्म कृषिमा जति आधुनिकीकरण गरे सोचेजति उत्पादन हुन सक्दैन । त्यसैले बीउ छनोट गर्दा वैज्ञानिक विधि अवलम्बन गर्नुपर्छ । त्यसैले उन्नत जातको बीउ हरेक पालिका वा वडाहरूबाट सहुलियत मूल्यमा किसानलाई उपलब्ध गराउनु पर्छ । प्राविधिक यन्त्रले उन्नत जातका बीउबिजन गर्दा बीउहरू नष्ट र रोग लाग्नेबाट जोगिन्छ र उत्पादन प्रशस्त मात्रामा हुन्छ । कृषि क्षेत्रमा सिँचाइले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले सिँचाइको व्यवस्था गराउन सरोकारवालाले खोलानाला, नहर र ठुला बोरिङको निर्माण गर्नुपर्छ । तर जहाँ यो सबैको पहुँच नहुने ठाउँमा सानो सानो बोरिङ र कलधाराको व्यवस्था गर्नुपर्छ । नदीबाट सिँचाइ गर्नका लागि नालाहरूको निर्माण गर्नु पर्छ । सिँचाइको व्यवस्थापनले उत्पादनमा धेरै मद्दत पुग्छ ।

*४. आधुनिक मेसिनको व्यवस्था*

विज्ञानको युगमा आधुनिक मेसिनको प्रयोग गर्नु सामान्य मानिन्छ । त्यसैले कृषि क्षेत्रमा प्रयोग हुने, बीउबिजन गर्ने मेसिन, धान, गहुँ, काट्ने मेसिन, पानी निकाल्ने बोरिङ, पानी हाल्ने मेसिन, हाइडोलिक मेसिन, बालीनाली ओसारपसार गर्ने ट्‍याक्टर, हलो जोत्ने मेसिन, प्रयोगशालामा प्रयोग हुने अन्य मेसिन, आधुनिक उपकरणहरू (जस्तै स्प्रोजेक्ट, कम्प्युटर आदि) र थप अन्य मेसिनहरू सरकारले उपलब्ध गराउनु पर्छ । यी सबै मेसिनहरू हरेक पालिका वा वडाहरूमा व्यवस्था हुनुपर्छ । यी आधुनिक मेसिनहरूको प्रयोगले कृषि क्षेत्रमा क्रान्ति ल्याउनका साथसाथै किसानको काम छिटो र सहज हुन्छ ।

*५. बजार व्यवस्थापन*


किसानले उत्पादन गरेको कृषिजन्य वस्तु उपभोक्तासम्म पुर्‍याउन बजारको ठुलो योगदान हुन्छ । त्यसैले बजार व्यवस्थापन गर्न एकदम जरुरी हुन्छ । स्थानीय सरकारले किसानको कृषिजन्य वस्तुको किनबेच गर्न मूल्यको निर्धारण र सीधै बजारसम्म पुर्‍याउन यातायातको व्यवस्था गरिदिनु पर्छ । यसबाट बिचौलियाको पनि डर हट्छ र सीधै किसान र उपभोक्ताबिच किनबेच हुनुको साथै राम्रो सम्बन्ध पनि स्थापित हुन्छ ।

स्थानीय सरकारले आफ्नो नगरपालिका, गाउँपालिका र वडाहरूमा सानो सानो हाटबजार को पनि निर्माण गर्दिनुपर्छ । त्यसैले बजार व्यवस्थापन एकदम महत्वपूर्ण हुन्छ ।

६. अन्य व्यवस्था

बजेटको व्यवस्थापन, कानुन निर्माण, युवालाई कृषि गर्न उत्प्रेरित गर्ने नीति ल्याउनुपर्छ । त्यस्तै समयमा खाद्य पदार्थको व्यवस्थापन, स्वादेशी कलकारखानाको व्यवस्था, कालोबजारी नियन्त्रण सरकारको प्रमुख दायित्व हो । विभिन्न कृषि सङ्गठनहरू एकताबद्ध भएको व्यवस्था, कृषिसँग सम्बन्धित सबै निकाय सक्रियताले कृषि क्षेत्रमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्न सजिलो हुन्छ । अत: यसरी निरन्तर अध्ययन, तालिम र सहयोगबाट तराईको कृषि क्षेत्रमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्न सम्भव हुन्छ । सरकार, विश्वविद्यालयहरू, सङ्गठनहरू र अन्य प्राथमिकताहरूमा सहयोग गर्ने पछि कृषि क्षेत्रमा आधुनिकीकरणमा प्रगति गर्न सकिन्छ । *साभार: रातोपाटी*

# वडाध्यक्षहरुलाई जिम्मेवार बनाएर भूकम्प प्रभावितलाई राहत वितरण गर्नुपर्छ



खेमराज रेग्मी

विगतमा भूकम्प पीडितहरुका लागि भनेर विभिन्न संघ संस्था तथा व्यक्तिहरुले राहत सामग्री तथा राहत रकमको पनि घोषणा गरे । तर, राहतको सही सदुपयोग भने भएन । कतिपयले यसलाई आफूले व्यक्तिगत फाइदा उठाउने अवसरको रुपमा पनि उपयोग गरे । अहिले पनि भूकम्पपछि धेरै संघ संस्था तथा व्यक्तिगतरुपमा पनि राहत सामग्री तथा रकमको घोषणा गर्ने काम भएको छ ।

राहत रकम तथा सामग्रीको घोषणा गर्नु त राम्रो कुरा हो तर, त्यसलाई कसरी सदुपयोग गर्ने भन्ने कुरामा भने सरकार सचेत हुनुपर्छ । सरकारले एकद्वार प्रणालीबाट राहत उपलब्ध गराउने भनेको छ । यो एकदमै सही छ । अहिले देशभर भूकम्पले क्षति नपुर्‍याएका कारण पनि एकद्वार नीति लागू गर्न पनि सजिलो छ ।

२०७२ सालको भूकम्पमा हाम्रो स्थानीय सरकारहरु थिएनन् । अहिले स्थानीय सरकार पनि छ । प्रत्येक वडामा वडाध्यक्षहरु पनि छन् । उनीहरुलाई जिम्मेवार बनाएर एकद्वार प्रणालीबाट राहत वितरण गर्यो भने समानरुपले सबैले पाउने सम्भावना पनि हुन्छ । यसो गर्दा पक्षपात हुँदैन । राहत सामग्री एकठाउँमा थुप्रिने र कसैले नपाउने भन्ने हुँदैन । २०७२ सालको भूकम्पमा भने कतै राहत सामग्री थुप्रिएको थियो भने कसैले पाउँदै नपाएको गुनासो सुनिएको थियो । त्यसबेला यस्तो धेरै गुनासो आयो । हामीले यस्ता धेरै गुनासा सुन्यौं पनि ।

अहिले पनि कतिपय व्यक्ति तथा संस्थाहरुले भूकम्प प्रभावित क्षेत्रमै गएर राहत वितरण गर्ने सोच बनाइरहेका पनि हुनसक्छन् । यसो गर्दा आफ्नो प्रचारप्रसार पनि हुने र व्यक्तिगत वा संस्थागतरुपमा पनि लाभ हुनसक्छ । तर, यसले यसले राहत वितरणमा भने एकरुपता नहुने र कतै थुप्रिने अनि कतै नपुग्ने अवस्था हुन्छ । कतिपयले व्यक्तिहरु आफैं गएर राहत सामग्री दिँदा छिटो हुन्छ भन्ने गरेको पनि सुनियो । तर, व्यक्तिलाई सिधै भूकम्प प्रभावित क्षेत्रमा गएर राहत उपलब्ध गराउने सुविधा दिँदा व्यक्ति आफूले चाहेको सुगम तथा मनपरेको ठाउँमा मात्र जाने हुन्छ । त्यसो गर्दा दुर्गमका र अन्यत्रका पीडितले राहत नपाउने गरेको विगतको हाम्रो अनुभवले पनि देखाएको छ । यसो गर्दा एउटा व्यक्ति सजिलो ठाउँमा गएर राहत वितरण गर्छ । र, अर्को व्यक्ति पनि त्यही ठाउँमा गएर राहत वितरण गर्छ । यसो हुँदा कसैले सहयोगमाथि सहयोग पाउने हुन्छ भने कसैले सहयोग नै नपाउने हुन्छ । त्यसकारण यस्तोमा स्थानीय सरकारलाई जवाफदेही बनाएर राहत वितरण गर्नुपर्छ । अझ अहिले त भूकम्पग्रस्त क्षेत्रमा प्रत्येक वडाका वडाध्यक्षहरुलाई जिम्मेवार बनाएर राहत वितरण गर्दा सबै वडाका अनि सबै पीडितले समानरुपले र आवश्यक्ता अनुसार राहत पाउँछन् । वडाध्यक्षहरुलाई आफ्नो वडाको बारेमा र वडावासीको अवस्थाका बारेमा पनि पूर्ण जानकारी हुने हुँदा यसले राहतमा एकरुपता ल्याउने गर्छ । वडाध्यक्षमार्फत् राहत वितरण गर्दा त्यसलाई व्यवस्थित गर्न अभिलेख राख्न पनि सकिन्छ । यसरी अभिलेख राख्दा राहत कति आयो र कस्लाई कति वितरण भयो भन्ने कुरा पनि स्पष्ट हुन्छ ।

विशेषगरी जिल्लाको नेतृत्व गर्ने प्रमुख जिल्ला अधिकारीले यसको नेतृत्व गर्नुपर्छ । आफ्ना प्रतिनिधिहरु पठाएर राहत कहाँ कसरी खर्च भइरहेको छ वा वितरण भइरहेको छ त्यसका बारेमा पनि सूक्ष्म अध्ययन गर्नुपर्छ । राहतमा बदमासी यदि कसैले गरेको छ भने त्यसलाई कारबाहीको दायरामा पनि ल्याइहाल्नु पर्ने हुन्छ । यसले गर्दा राहत दिने दातालाई पनि आफूले दिएको राहतको सही सदुपयोग भएको छ भन्ने हुन्छ । र, जो राहत दिने मन बनाइरहेका हुन्छन् उनीहरुलाई पनि राहत दिन यस्ले उत्साहित बनाउँछ । हाम्रो देश भूकम्पको जोखिम क्षेत्रमा रहेको छ । त्यसकारण भूकम्प जुनसुकै बेला जानसक्ने भएकोले अत्यावश्यक सामग्रीहरु र पूर्वाधार हामीले तयार गर्नुपर्छ । एकप्रकारले भन्दा भूकम्पको जोखिममा रहेको हुँदा हामीले भूकम्प गइसकेपछि बल्ल के गर्ने भनेर सोच्नेभन्दा पनि पूर्वाधारको तयार गर्नुपर्ने हुन्छ । जस्तो अहिले प्रदेश सरकार छ प्रदेशको राजधानीमा आवश्यक पर्दा तुरुन्तै वितरण गरिहाल्ने र गर्न सकिने सामग्रीको पहिले नै बन्दोबस्त गरेर राख्नुपर्छ । जस्तो जाजरकोटमा भूकम्प गएपछि कतिपय मानिसहरुले खुला आकाशमुनि रात बिताउनु पर्यो । तर, यदि हामीले सामान्य कुरो भए पनि पालको व्यवस्था गर्न सकेको भए पीडितले चिसोमा खुला आकाशमुनि बिताउनु पर्दैन थियो। हुनत भूकम्प जाँदा पहिला भनेको उद्धार नै हो । त्यसपछि मात्र राहतको कुरा आउँछ । र, अनि बल्ल पुन:स्थापनको कुरा आउँछ । अहिलेको भूकम्पमा उद्धार सरकारका सबै शक्ति लागे । सामाजिक नेतृत्व पनि लागे । यसले उद्धार समयमै हुन सक्यो । उद्धार सन्तोषजनक ढङ्गले भएको छ । यसको हामीले प्रशंसा नै गर्नुपर्छ । अब हाम्रो मुख्य ध्यान भनेको राहतमा केन्द्रित हुनुपर्छ । अब भनेको पीडितलाई खाने, बस्ने र न्यानो कपडा उपलब्ध गराउनु पर्ने हुन्छ । अबदेखि सरकारको शक्ति तथा सामर्थ्य भनेको पीडितलाई राहत सहज ढङ्गले र समानरुपले कसरी वितरण गर्ने भन्नेमा केन्द्रित हुनुपर्छ । भूकम्पका कारण घाइते, तथा बिरामीलाई डाक्टरहरुले हेर्ने कुरा त छँदैछ । त्यो सरकारले गरिरहेको पनि छ । अरु संघ संस्थाले पनि डाक्टर तथा औषधिसहितको टोली भूकम्प प्रभापित क्षेत्रमा पठाइरहेका छन् । तर, अब भूकम्पबाट घरबार विहीन भएकाहरुलाई अहिले तत्कालको लागि अस्थायीरुपमा बासको व्यवस्था पनि गर्नुपर्ने हुन्छ । यस्ता अस्थायी बसोबासमा खाना, तथा अहिले चिसो मौसम भएका कारण तातो कपडा ब्ल्याङ्केट आदिको व्यवस्था गर्नुपर्ने हुन्छ । भूकम्पबाट जोगिएकाहरु फेरि चिसोले कठ्याङ्गिएर ज्यान जाने स्थिति नहोस् भनेर अरु निकायहरु त्यसमा चनाखो हुनुपर्ने हुन्छ ।(रेग्मीसँगको कुराकानीमा आधारित ) *स्रोत:उज्यालो अनलाइन*

# 'मेयर'को तयारीमा दीपेन्द्र, त्यसपछि 'आमा २'



निर्देशक दीपेन्द्र के. खनालका लागि यस वर्ष सुखद् बनेको छ । उनी निर्देशित फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' व्यावसायिक रुपमा सफल सावित भयो । खगेन्द्र लामिछाने लेखनमा चुकेको टिप्पणी भए पनि खनालको निर्देशकिय कौशलप्रति खासै धेरै प्रश्न उठेका छैनन् । अब उनी नयाँ फिल्मको तयारीमा जुटेका छन् । यस वर्ष उनले दुईटा फिल्मको छायांकन गर्ने सम्भावना प्रवल छ ।

उनी तिहारपछि फिल्म 'मेयर'को छायांकन सुरु गर्दैछन् । यतिबेला प्रि-प्रोडक्सनको काम भइरहेको र केही दिनमै कलाकार निश्चित गरिने उनले बताए ।

उनले फिल्मबारे धेरै बताउन चाहेका छैनन् । तर, शीर्षकले फिल्म कुनै एक क्षेत्रमा विजयी मेयरको कथामाथि आधारित हुने अनुमान गरिएको छ । त्यसो त देशका एक चर्चित मेयरबाट प्रभावित भएर फिल्म निर्माण हुन लागेको पनि चर्चा छ ।

'मेयर'पछि दीपेन्द्रले आफ्नो सफल फिल्म 'आमा'को दोस्रो श्रृंखला निर्माण गर्नेछन् । 'आमा २' सिक्वेल भने नहुने उनले स्पष्ट पारेका छैनन् । फिल्मलाई दोस्रो च्याप्टरको रुपमा निर्माण गर्न लागिएको उनको भनाई छ । उनी स्वयंको लेखन तथा निर्देशन रहने फिल्मको निर्माण शर्मिला पाण्डेले गर्नेछिन् । केही दिनअघि दुवैले भिडियो सन्देशमार्फत् फिल्म निर्माणको आधिकारिक घोषणा गरेका थिए ।

दीपेन्द्र र शर्मिलाबीच फिल्म 'लभ लभ लभ'देखि सहकार्य टुटेको छैन । 'आमा २'पछि उनीहरुले 'चङ्गा चेट २' निर्माण गर्नेछन् । यो फिल्मको अघिल्लो वर्ष नै घोषणा गरिएको थियो । फिल्ममा अभिनेताद्वय विपिन कार्की र अर्पण थापा अनुबन्ध समेत भैसकेका छन् । यसरी हेर्दा दीपेन्द्रको 'पाइपलाइन'मा अहिले तीनवटा फिल्म देखिएका छन् । हुन त 'पशुपति प्रसाद ३' पनि निर्माणको चर्चा छ ।

# पुष्प मेलामा आकर्षण



गण्डकी /पोखरामा जारी 'सातौँ गोदावरी पुष्प प्रदर्शनी तथा चौथो गण्डकी प्रादेशिक पुष्प मेला-२०८०' मा अवलोकनकर्ता र ग्राहकको आकर्षण बढेको छ ।फ्लोरीकल्चर एसोसिएसन नेपाल, जिल्ला समिति कास्कीद्वारा आयोजित प्रदर्शनीको आइतबारसम्ममा १५ हजार बढीले अवलोकन गरेको जनाइएको छ ।

शुक्रबारदेखि सुरु भएको प्रदर्शनी अवलोकनसँगै अहिलेको याममा फूल्ने सयपत्री, गोदवारीलगायत फूल र बिरुवाको किनबेच पनि भइरहेको एसोसिएसनका अध्यक्ष डिलबहादुर गुरुङले बताए । "पुष्प मेलाप्रति आकर्षण बढ्दै गएको छ, नयाँ-नयाँ प्रजातिका फूल एकै ठाउँमा भएकाले पनि ग्राहकलाई सहज भएको छ", उनले भने ।

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको पुष्प मेलामा फूलका २०, कृषिका तीन र सूचनामूलक एक गरी २४ प्रदर्शनीकक्ष छन् । पुष्प व्यवसायको विस्तार तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रदर्शनी मेलाको आयोजना गरिएको एसोसिएसनका अध्यक्ष गुरुङले बताए ।

"मुख्यरुपमा गोदावरी फूललाई केन्द्रित गरेर प्रदर्शनी राखिएको भए पनि सयपत्रीलगायत अन्य विभिन्न प्रजातिका फूल तथा बिरुवा बिक्री वितरणका लागि मेलामा राखिएको छ", उनले भने, "आजसम्म २० हजार बढीले पुष्प प्रदर्शनीको अवलोकन गर्ने अपेक्षा लिइएको छ ।"

पुष्प व्यवसायी बलराम श्रेष्ठले तिहारको याम भएकाले सयपत्री र गोदावरी फूल ग्राहकको रोजाइमा परेको बताए । "कोही फूल किन्न आइरहनुभएको छ, कोही फूल खेती सम्बन्धी जानकारी लिएर पनि जानहुन्छ", उनले भने, "दिनैभरि प्रदर्शनीस्थलमा फूलप्रेमी चहलपहल हुने गरेको छ ।"

'सुन्दर नगरी पोखराको पहिचान, व्यावसायिक प्रवर्द्धनमा गोदावरीको सान' भन्ने आदर्श वाक्यसहित उक्त मेलाको आयोजना गरिएको हो । मेलाबाट पुष्प व्यवसाय गर्न चाहाने किसान तथा फूलप्रति अभिरुचि राख्ने ग्राहकले प्रत्यक्ष लाभ लिइरहेको आयोजकको भनाइ छ ।

फूल खेती र एसोसिएसनले गर्दै आएका गतिविधिबारे पनि प्रदर्शनीस्थलमा जानकारी दिने गरिएको छ । पुष्प व्यवसायीहरुका अनुसार पछिल्लो समयमा पोखरामा फूल खेतीप्रति आकर्षण बढ्दो छ । नर्सरीबाट बिरुवा लगेर गाउँगाउँमा फूल उत्पादन गर्ने किसान पनि उत्तिकै रहेको व्यवसायी श्रेष्ठले बताए ।

एसोसिएसनका अनुसार पोखरालाई चाहिने ८० प्रतिशतभन्दा बढी फूल यही उत्पादन हुन्छ । पन्ध्रदेखि २० प्रतिशत मात्र बाहिरबाट आयात गर्नुपर्ने अवस्था रहेको व्यवसायी बताउँछन् । तिहारका बेला भने माग धान्न नसकिने भएकाले भारतबाट फूल आयात गर्नुपर्ने अवस्था रहेको जनाइएको छ ।

गण्डकी प्रदेशमा ४८ जना नर्सरी सञ्चालन गर्ने पुष्प व्यवसायी रहेको एसोसिएसनले जनाएको छ । नर्सरीबाट बिरुवा लगेर फूल उत्पादन गर्ने किसानको सङ्ख्या भने धेरै छ । उन्नत बीउबिजन, अनुदान र आधुनिक खेती प्रविधिले पुष्प व्यवसायमा किसानको आकर्षण बढ्दै गएको जनाइएको छ ।

यस वर्ष पोखरा महानगरपालिकाको सहयोगमा थप एक सय ६५ रोपनी क्षेत्रफलमा सयपत्री र मखमली फूल खेती विस्तार भएको जनाइएको छ । पोखरासहित कास्कीका अन्य स्थानीय तहले पनि फूल खेती गर्ने किसानलाई अनुदान र प्रविधि सहयोग गर्दै आएका छन् ।

# भक्तपुरमा बन्दै तिहारका लागि पाला



भादगाउँ /नेपालीहरुको दोस्रो ठूलो पर्व हो तिहार । तिहारको प्रमुख विशेषतामध्ये एक हो दिपावली अर्थात् झिलिमिली बत्ती बाल्ने । पछिल्ला केही दशकयता विद्युतीय बत्तीको प्रयोग बढे पनि माटोको दियो बाल्ने परम्परागत प्रचलन पनि उत्तिकै प्रयोगमा छ ।

त्यसैले तिहार जति नजिक आउँदैछ, बजारमा पालाको माग पनि उत्तिकै बढ्दो छ । पालाको माग बढेसँगै भक्तपुरका कुमाले समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने र पोलेर तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । तिहारको पालाको माग धान्न भक्तपुरका विभिन्न स्थानमा धमाधम पाला बनाइँदैछ ।

कुमाले समुदाय माटाका अन्य भाँडा बनाउन छाडेर अहिले पाला बनाउन व्यस्त छन् । 'तिहारमा अरु भाँडा त्यति बिक्री पनि हुँदैन, त्यसैले अहिले अन्य भाँडा बनाउन छाडेर पाला बनाउँदैं आएका छौँ', भक्तपुर पोटरी स्क्वायरमा पाला सुकाउन व्यस्त पञ्चमाया प्रजापतिले भने, 'चाडपर्व अनुसार पनि भाँडा बनाउनुपर्छ, दशैंमा धुपौरो, कुलिँचाको माग बढेजस्तै तिहारमा पालाको माग बढी आउँछ ।'

तिहारमा लक्ष्मी पूजाका लागि बाहिरी जिल्लाबाट समेत पालाको माग आउने भएकाले गमला, धुपरो, खुत्रुकेलगायत विभिन्न पर्यटकीय सामग्री बनाउने कामलाई थाँती राखेर पाला बनाउने काममा व्यस्त भएको पञ्चमायाले बताए । 'बिहान सबेरै उठेर अघिल्लो दिनमै तयार गरी राखेको माटोलाई थप तयार गरी पाला बनाउने, सुकाउने तथा सुकिसकेको पालालाई पालोमा राखेर भट्टीमा पोल्ने र माग अनुसार बजार पठाउने काममा नै व्यस्त छौं, अहिले अन्य भाँडाकुँडा बनाउन फुर्सद छैन', उनले भने ।पाला बनाउन माटोलाई आवश्यकता अनुसार मेसिनले मुछेर तयार गरिन्छ । आजभोलि प्रविधिले माटोको भाँडा बनाउने पेसा पनि सहज बन्दै गएको छ । मेसिनले नै तयार गरेको माटोलाई विद्युतीय चक्रमा राखेर काँचो पाला तयार गरिन्छ । यसरी बनाएको पालालाई घाममा सुकाइन्छ । सुकेर तयार भएको पालालाई आधुनिक भट्टीमा पोलेपछि पाला पूर्णरुपमा तयार हुन्छ र मागअनुसार बजारमा आपूर्ति गरिन्छ ।

आजभोलि भक्तपुरका पोटरी स्क्वायर (तालक्व)का कुमालेहरु मात्र होइन सुजमारी, लिवाली, तुमुचो, सूर्यविनायक, चोलिंचा, च्याम्हासिहंलगायतमा माटोका भाँडा बनाउने पेसामा संलग्न कुमालेहरु अन्य भाँडा बनाउने कार्यलाई थाँती राख्दै पाला बनाउने कार्यमा तल्लीन छन् । विशेषगरी धनकी देवी लक्ष्मीको पूजा गर्ने पर्व भएकाले तिहारमा फलफूल, सयपत्री फूलसँगै झिलिमिली बत्ती बाल्ने गरिन्छ । धनकी देवी लक्ष्मीलाई घरमा भित्र्याउन तिहार मा झिलिमिली बत्ती बाल्ने परम्परा रहेको छ । तिहारको लक्ष्मी पूजाका दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायतका स्थानमा पालाको दियो बाली झिलिमिली पार्ने परम्परा रहेको छ ।

पछिल्लो समय तिहारमा बत्ती बाल्नकै लागि विद्युतीय बत्तीको प्रयोगसमेत उच्च हुने गरेको छ । तिहारमा बिजुलीका र ङ्गीचङ्गी बत्ती बालेर झिलिमिली पार्ने गरे पनि अनिर्वाय रुपमा दियो पनि बाल्नुपर्ने परम्परा भएकाले तिहारमा बर्सेनि पालाको माग बढ्ने गरेको व्यवसायी बताउँछन् । केही वर्षअघि मैनबत्ती बाल्ने प्रचलन पनि देखिएको थियो तर दियो जस्तो सुरक्षित नभएपछि मैनबत्ती विस्तारै विस्थापित हुँदै गएको छ ।

पालाको माग बर्सेनि बढ्दो रहेको कुमालेहरु बताउँछन् । विभिन्न आधुनिक विद्युतीय झिलिमिली बत्ती र मैनबत्तीको दाजोमा सुरक्षित तथा धार्मिक एवं सांस्कृतिक दृष्टिकोणले पालालाई अत्यन्तै उत्तम र पवित्र मानिने भएकाले बजारमा यसको माग बढेको पाला व्यवसायी विनोदकुमार प्रजापति बताउँछन् ।कुमालेहरुले तयार भएको पाला थोक व्यापारीलाई बिक्री गरिन्छ ।

थोक व्यापारीले एउटा पालाको एकदेखि दुई रुपैंयाँमा हजारौंको सङ्ख्यामा खरिद गर्ने र उनीहरुले केही मुनाफा खाएर काठमाडौं उपत्यकाका विभिन्न स्थानका खुद्रा बिक्रेतामार्फत उपभोक्ता माझ पुऱ्याउने गरेका छन् ।

भक्तपुरमा उत्पादन गरेको पाला उपत्यकालगायत काभ्रेको बनेपा, धुलिखेल, पनौती, धादिङ, नुवाकोट, पोखरा, चितवन, हेटौंडा, त्रिशूलीलगायतका बजारमा बिक्री हुन्छ ।

# टी-२० विश्वकपमा छनोट हुन सफल टिमलाई ५० लाख रुपैयाँ दिने क्यानको निर्णय




काठमाडौं /नेपाल क्रिकेट संघ (क्यान)ले टी-२० विश्वकपमा छनोट हुन सफल टिमलाई नगद पुरस्कारले सम्मान गर्ने भएको छ ।

सोमबार बसेको संघको केन्द्रीय कार्य समितिले सन् २०२४ मा वेस्टइन्डिज र अमेरिकामा हुने विश्वकपमा छनोट हुन सफल टिमलाई ५० लाख रुपैयाँ नगदबाट सम्मान गर्ने निर्णय गरेको हो । बैठकले पुरुषतर्फ एसीसी यू-१९ प्रिमियर कपबाट सन् २०२४ मा हुने यू-१९ एसिया कपमा छनोट हुन सफल टिमलाई पनि नगदबाट सम्मान गर्ने निर्णय गरेको छ । यू-१९ टिमका खेलाडीले जनही ५० हजार रुपैयाँ पाउने छन् ।

# लुम्बिनीबाट 'पिस टर्च' काठमाडौं ल्याइयो

काठमाडौं / जलवायु परिवर्तन र यसले हिमालय क्षेत्रमा पारेको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन लुम्बिनीबाट सुरु भएको 'पिस टर्च' काठमाडौं ल्याइएको छ ।

नेपाल पर्वतारोहण संघले लुम्बिनीबाट पिस टर्चको यात्रा सुरु गरेको हो । यसलाई सगर माथा क्षेत्रस्थित कालापथ्थरमा लैजाने योजना रहेको छ । आइतबार साँझ टर्चलाई स्वयम्भुनाथ र बौद्धमा परिक्रमा गर इएको छ । सो क्रममा संघका पदाधिकारी सहभागी भएका थिए ।



*जलवायु परिवर्तन र यसले हिमालय क्षेत्रमा पारेको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन लुम्बिनीबाट सुरु भएको 'पिस टर्च' काठमाडौं ल्याइएको छ ।*

## विवादित टिकटकर शान्ति बराललाई माओवादीले गऱ्यो कारबाही

काठमाडौं / नेकपा (माओवादी केन्द्र) ले विवादित टिकटकर शान्ति बरालमाथि अनुशासनको कारबाही गरेकोछ । माओवादी सैनामैना नगर समितिले एक विज्ञप्ति जारी गर्दै बराललाई सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरिएको जनाएको छ । उनी सैनामैना नगर समिति सदस्य तथा वाइसिएल नेतृसमेत थिइन् । चर्चित टिकटकर रहेकी उनी पछिल्लो समय अश्लील गतिविधि देखाएकोमा आलोचित भएकी थिइन् ।

# पुतली बाजेको अन्तिम बिदाइ




पोखरा/शनिवार निधन भएका कोलिन फिलिप स्मिथ उर्फ पुतली बाजेको अन्त्येष्टि गरिएको छ । पोखराको सेती नदीस्थित गाईघाटमा उनको पार्थिव शरीरलाई क्रिश्चियन परम्पराअनुसार अन्त्येष्टि गरिएको हो ।

त्यसअघि उनले स्थापना गरेको पृथ्वीनारायण क्याम्पस परिसरको पुतली संग्राहलय अगाडी उनको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि राखिएको थियो । पोखराका उच्च पदस्थ व्यक्तिहरूले उनलाई अन्तिम श्रद्धाञ्जली दिए ।

कोलिनले पुतलीको खोज र अनुसन्धानमा आफ्नो धेरै समय बिताएका कारण उनलाई पुतली बाजेको उपमा दिइएको हो । बेलायतमा जन्मिएका उनी युनाटेड मिसन अन्तर्गत नेपालमा शिक्षणका लागि आएका थिए । सन् १९६६ मा नेपाल आएका उनी त्यसपछि पूरै नेपालमै रहे । गोरखा, पोखरा र काठमाडौंका विभिन्न विद्यालयमा अध्यापन गराए । उनको शनिवार बिहान ८८ वर्षको उमेरमा निधन भएको हो । उनले नेपालमा पाइने ६ सय ४० प्रजाति मध्ये ९० प्रतिशत सङ्कलन गरेका थिए ।पछिल्लो २ वर्षयता पेटसम्बन्धी रोगका कारण बिरामी भएका उनको हरियो खर्क अस्पतालमा उपचारकै क्रममा निधन भएको हो । स्मिथले ४० बढी जिल्लामा पुगेर सङ्कलन गरेको २५ हजार पुतली संग्राहलयमा राखिएको छ ।

पोखराका मेयर धनराज आचार्यले उनको शरीरमा नेपालको झन्डा ओडाएर अन्तिम बिदाइ गरे । आचार्यले स्मिथको निधनले पोखराको शैक्षिक क्षेत्रले ठुलो क्षति व्यहोरेको बताए । उनलाई २०७६ सालमा नेपाल सरकारले सम्मानार्थ नागरिकता दिएको थियो ।

# सोमबारको भुइँचालोले जाजरकोटमा सडक अवरूद्ध



दोस्रोपटक गएको भूकम्पका कारण जाजरकोटमा सडक अवरूद्ध भएको छ। सोमबार अपराह्न ४:३१ बजे गएको ५.८ रेक्टर स्केलको भुइँचालोले पहिरो खसेपछि जाजरकोट-डोल्पा मार्गको रिम्ना नजिक सडक अवरूद्ध भएको हो।सडक खुलाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयको सञ्चार शाखाले जनाएको छ ।

यस्तै, भूकम्प आएपछि घरबाट हाम फाल्दा भेरी नगर पालिका-१ रावत गाउँमा एक जना घाइते भएका छन्। घाइतेको विवरण आउन बाँकीरहेको प्रहरीले जनाएको छ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कैलाश गाउँपालिकामा सडक विस्तार तीव्र

साझाकुरा संवाददाता



हेटौंडा, २० कात्तिक/ मकवानपुरको विकट कैलाश गाउँपालिकाले पालिका केन्द्रदेखि वडासम्म सडक विकास विस्तारको कार्यलाई तीव्रता दिएको छ ।

गाउँपालिका केन्द्र कालिकाटारलाई त्रिभुवन राजपथसम्म जोड्न र प्रत्येक वडाहरुमा सडक सञ्जाल विस्तारको लागि सडक निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ । कैलाश गाउँपालिका, प्रदेश र संघीय सरकारको बजेटबाट सडक निर्माण तथा स्तरोन्नतिको लागि कामले निरन्तरता पाइरहेको हो । कैलाश गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको चुनियाँ-नामटार-कालिकाटार सडकअन्तर्गत् विभिन्न खण्डमा सडक स्तरीकरणको काम जारी रहेको छ भने थाहा नगरपालिकाबाट कैलाश गाउँपालिकाका विभिन्न वडा हुँदै धादिङ जोड्नको लागि गैरीगाउँ, गोगने पकने डाँडाखर्क सडक निर्माणको लागि ठेक्का आह्वान गरिएको छ ।

गैरीगाउँ-डाँडाखर्क सडकको लागि सडक विभागले केही समयअघि मात्रै ४० करोड रुपैयाँ लागत अनुमानसहित ठेक्का आह्वान गरेको छ । यस्तै, ५ र ६ नम्बर वडाका नागरिकलाई गाउँपालिका केन्द्र कालिकाटारसम्म आउन छोटो दूरीको सडक निर्माण गर्नको लागि गाउँपालिकाले गोगने-कालिकाटार सडक निर्माणको लागि केही समयअघि मात्रै ठेक्का आह्वान गरेको छ । सो सडक निर्माणको लागि गाउँपालिकाले एक करोड ३७ लाख रुपैयाँ बजेट अनुमान गरेको अध्यक्ष लोकबहादुर मोक्तानले जानकारी दिए ।

सालबास-सानो डाँडाखर्क-छ्याङदुङ सडक निर्माण र क्रिश्चियन चोकदेखि मन्याङकोट खोला सडक स्तरीकरणको लागि पनि ठेक्का आह्वान् भइसकेको गाउँपालिकाका अध्यक्ष मुक्तानले जानकारी दिए । चुनियाँ-नामटार-कालिकाटार सडकअन्तर्गत्को नामटार-खुमलटार सडक स्तरीकरणको काम करिब अन्तिम चरणमा रहेको छ । माटो कटिङ, ग्याबिन वाल, स्टोन मेशिनरीलगायतको काम गर्न ३ करोड ९४ लाख ३५ हजार रुपैयाँमा ठेक्का लागेकोमा धमाधम काम भइरहेको छ । सडक फराकिलो बनाउने पर्खाल लगाउने कामका लागि संघीय सरकारको समपुरक बजेटबाट ७० लाख र प्रदेश सरकारको ७० लाख गरी बितेको वर्षमा एक करोड ४० लाख रुपैयाँ बराबरको काम भएको र बाँकी रकम यसवर्ष पालिकाले बेहोर्ने उनको भनाइ छ ।

बहुवर्षीय योजनाअन्तर्गत् १८ महिनामा सम्पन्न गर्नेगरी आयुश्री बिल्डर्स एण्ड सप्लायर्स प्रालिसँग ठेक्का सम्झौता गरी काम भइरहेको हो । यसैगरी, चुनियाँ-नामटार-कालिकाटार सडकअन्तर्गत कुमल्टारदेखि बनझाँक्री खोल्चा (च्याखेटार) खण्डको साढे ७ किलोमिटर सडक स्तरोन्नतिको काम पनि एक महिनाअघिदेखि धमाधम भइरहेको छ । बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत्को पूर्वाधार विकास कार्यालय चितवनबाट अमृता/आकृति मालिका/गोले जेभी हेटौंडा-१ ले कूल १४ करोड २१ लाख २९ हजार ५ सय ९० रुपैयाँमा ठेक्का सम्झौता गरी काम अघि बढाएको छ ।

त्रिभुवन राजपथको चुनियाँदेखि कैलाश गाउँपालिकाको केन्द्र कालिकाटार २१ किलोमिटरको दूरीमा रहेको छ । चुनियाँ-नामटार-कालिकाटार सडक २०३७ सालदेखि चलन चल्तीमा रहेता पनि हालसम्म स्तरीकरण नहुँदा स्थानीयले समस्या भोग्दै आएका थिए । अब भने त्रिभुवन राजपथबाट गाउँपालिका कार्यालयसम्म सहज आवागमनको लागि सडक स्तरीकरणलाई तीव्रता दिइएको गाउँपालिका अध्यक्ष मुक्तानले बताए ।

# अन्तरपालिका सञ्जाल गठन गर्दै उपमहानगर

हेटौंडा, २० कात्तिक/ जिल्लामा रहेका पालिकाहरु बिच समन्वय र सहकार्यका लागि हेटौंडा उपमहानगरपालिकाले अन्तरपालिका सञ्जाल गठनको तयारी गरेको छ ।

सञ्जाल गठनको तयारीका लागि सोमबार उपमहानगरमा बसेको पहिलो बैठकले कार्यविधी निर्माणका लागि हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा समिति गठन गरेको छ । समितिको सदस्यमा भिमफेदी गाउँपालिकका उपाध्यक्ष सञ्जीब श्रेष्ठ र मकवानपुरगढी गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपाली रहेका छन् । हेटौंडा उपमहानगरपालिकाको १३ औं नगर सभाले जिल्लामा रहेका पालिकाहरुबीच समन्वय र सहकार्यका लागि सञ्जाल गठन गर्ने निर्णय गरे अनुसार उपमहानगरले तयारी थालेको नगर प्रमुख मिनाकुमारी लामाले जानकारी दिइन् ।

उनले भनिन् 'पालिकाहरु बिच सकार्य, समन्वय र साझा सर ोकारका क्षेत्रहरुमा सहयोग गर्ने उद्देश्य सञ्जालको छ । सञ्जाल गठनको तयारीअनुसार हेटौंडा उपमहानगर पालिकाको संयोजनमा भएको पहिलो बैठकमा थाहा नगरपालिका प्रमुख, उपप्रमुख सहित भिमफेदी, मकवानपुर गढी, बकैया, बागमती, मनहरी, कैलाश र राक्सिराङ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र कार्यकारी प्रमुखहरुको सहभागिता रहेको थियो ।

## प्रथम वडा अध्यक्ष भिमान स्मृति फुटबल सुरु

हेटौंडा, २० कात्तिक/मकवानपुरको मनहरी गाउँपालिका-२ मा प्रथम वडा अध्यक्ष भिमान स्मृति फुटबल प्रतियोगिता सोमबारबाट सुरु भएको छ ।

खेलकुद विकास समिति मनहरी-२ ले नेपालीहरुको महान पर्व शुभ दिपावलीको अवसरमा उक्त प्रतियोगिताको आयोजना गरेको हो । त्रिरत्न प्राविको खेल मैदान मनहरी-२ मा भएको उक्त प्रतियोगिताको पहिलो दिन सुर्यकिरण युवा क्लब 'ए' ले विजय सुरुवात गरेको छ ।

खेलमा आयोजक टिम खेलकुद विकास समिति मनहरी-२ लाई पेनाल्टी सुटआउटमार्फत ४-३ गोल अन्तरले पराजित गर्दै सुर्यकिरण क्लबले विजयी सुरुवात गरेको हो । प्रतियोगिता आगामी कात्तिक २७ गतेसम्म संचालन हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले ५० हजार ५ सय ५५ रुपैयाँ र उपविजेता समूहले २५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## थाहा बसपार्कको आधुनिक टर्मिनल भवन शिलान्यास

हेटौंडा, २० कात्तिक/ थाहा नगरपालिका वडा नम्बर-४ मा निर्माणाधीन थाहा बसपार्कमा आधुनिक टर्मिनल भवनको शिलान्यास गरिएको छ । साढे सात करोडको लागतमा निर्माण हुने बसपार्कको टर्मिनल भवनको नगर पालिकाका उपप्रमुख भरत गोपालीले शिलान्यास गरेका हुन । पहिलो चर णको कार्यक्रममा साढे सात करोडको लगानीमा टर्मिनल भवन, बगैंचा, रेष्टुरेन्ट, सपिङ स्टल, अपाङ्मैत्री शौचालय, सवारी चालकलाई आर ाम गर्ने कक्ष, ग्यारेज, प्रहरी विट पक्की सडक, सडक बत्तिसहितका संरचनाहरु निर्माण गरिने निर्माणको ठेक्का पाएको सि एण्ड ब्रदर्स कन्स्ट्रक्शनका साइट इन्जिनियर नवराज खनियाले जानकारी दिए ।

शिलान्यास कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भर त गोपालीले गुणस्तरीय भौतिक संर चनाको निर्माणमा जोड दिन आग्रह गर्दै निर्माण हुन लागेको संरचनाको सबैले निगरानी गर्नुपर्नेमा जोड दिएका थिए । उपप्रमुख गोपालीले निर्माणमा गुणस्तरीयता र समयमै निर्माण गर्न निर्माण कम्पनीलाई आग्रह गरे । नेपाल सरकार सहरी विकास मन्त्रालय अन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको एकीकृत शहरी पुर्वाधार विकासअन्तर्गत ७ करोड २१ लाख लागत रहेको भवन निर्माण २० भदौ २०८१ भित्र सम्पन्न गरिसक्नुपर्ने सम्झौता छ ।


## भूकम्प पीडितलाई एमाले बागमती संसदीय दलको सहयोग

हेटौंडा, २०कात्तिक/नेकपा (एमाले) बागमती प्रदेशको संसदीय दलले भूकम्प पीडितका लागि सहयोग र कम उपलब्ध गराउने निर्णय गरेको छ ।

गत कात्तिक १७ गते शुक्रबार राति कर्णाली प्रदेशको जाजर कोट केन्द्रविन्दु बनाई गएको विनाशकारी भूकम्पबाट प्रभावित नागरिकलाई सहयोगार्थ ५ लाख ७० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको एमाले बागमती संसदीय दलका नेता जगन्नाथ थपलियाले जानकारी दिए । एमाले संसदीय दलकोतर्फबाट प्रदेशसभा सदस्य तथा पदाधिकारीहरुको १२ दिनको तलब बापतको उक्त रकम सरकारको र ाहतकोषको खातामा जम्मा गर्ने निर्णय भएको उनले बताए ।


## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर

## प्रस्ताव आव्हान्सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०७/२१

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार 'दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम' अन्तर्गतका तपशिलका क्रियाकलापहरु संचालन गर्न इच्छुक कृषक समूह/सहकारी/निजी फर्मले यो सूचना प्रकाशित मितिले तीस (३०) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा 'दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.स. | क्रियाकलाप | एकाई | परिमाण | कार्यालयको प्रति एकाइ अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम | पटक | १ | क्रियाकलापको लागि विनियोजित बजेट अनुसार लागतको ५०%साझेदारी हुने गरी | कृषक समूह/सहकारी/निजी फर्म | ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने |
| २ | प्रविधि अनुशरण तथा प्रसार | पटक | १ | मेशिनरी खरिदको हकमा विनियोजित बजेटअनुसार लागतको ५०% साझेदारी तथा भौतिक निर्माणको लागि लागतको ८०% साझेदारी हुने । | कृषक समूह/सहकारी/निजी फर्म | ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने |
| ३ | दूधको गुणस्तर वृद्धि कार्यक्रम | पटक | १ | १० लाख | कृषक समूह/सहकारी/निजी फर्म | ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने |
| ४ | पशु आहारा आत्मनिर्भर कार्यक्रम: | पटक | १ | हिउँदे/वर्षे/बहुवर्षीय घाँसको बीउ/बेर्ना वितरण: बढीमा ८ लाख । हिउँदे घाँसको लागि: प्रति हेक्टर रु.२० हजार बहुवर्षीय घाँसको लागि: प्रति हेक्टर रु. ४० हजार मकै खेती प्रोत्साहन: प्रति हेक्टर रु. ३०,००० | कृषक समूह/सहकारी/निजी फर्म | ग्रिन टु ह्वाइट सेन्टर वा सो भन्दा बाहेक पनि सञ्चालन गर्न सकिने । |
| | | | | घाँसको स्रोत केन्द्र स्थापना: बढीमा ३ लाख वा लागतको ५०% साझेदारी हुने गरी । | निजी फर्म | ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## बाख्रा विकास फार्म
चित्लाङ्ग, मकवानपुर, नेपाल ।

## बोलपत्र/स्वीकृतको लागि आशयको सूचना

*(प्रकाशित मिति: २०८०/७/२१)*

यस कार्यालयको मिति २०८०/६/१० गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. boundary–01/080/081 अन-लाइन बमोजिम पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिलबमोजिम बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ कार्यालयको मिति २०८०/७/२० गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याटसहित) |
|---|---|---|---|---|
| १ | Boundary–01/080/081 | फेन्स जालि लगाउने (Fencing work at boundary) | Sarweswor Engineering Pvt.Ltd. Jadibuti–35 Kathmandu | रु. १३२६३४३.१५ (तेह्र लाख छब्बीस हजार तीनसय त्रिचालीस रुपैयाँ पन्ध्र पैसा) मात्र |

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सूचना सूचना सूचना

देशैभरि हाल डेंगु रोगको प्रकोप फैलिएर माहामारीको रुप लिएको छ । सरुवा रोग तथा माहामारी नियन्त्रण माहाशाखा, स्वास्थ्य सेवा विभागका अनुसार यस रोगसम्बन्धी सामन्य जानकारी एवम् यसबाट बच्ने तरिका तपशिलबमोजिम रहेको सम्पूर्णमा जानकारीसहित तल उल्लेखित रोकथामको उपायहरु अपनाई सुरक्षित एवम् सर्तक रहनुहुन अनुरोध छ ।

☞ डेंगु रोगको सामान्य परिचय: यो डेंगु भाइरसबाट लाग्ने एक किसिमको कडा संक्रामक रोग हो । यो एडिस एजिप्ति भन्ने प्रजातिको लामखुट्टेको टोकाइबाट सर्दछ । यो प्राय: सफा पानीमा बस्दछ ।

☞ डेंगो रोगको केही प्रमुख लक्षणहरु: एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मांशपेशी/जोर्नीहरु दुख्ने, वाकवाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपान वा रुची नलाग्ने इत्यादि ।

*(माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस्)*

**डेंगु रोगबाट बच्ने/रोकथामका उपायहरु:-**
- पूरा बाहुला भएको लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने ।
- घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
- खाल्डा खुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तिमा हप्तामा एकपटक फेर्ने ।
- पानी जम्मा गर्ने भाँडोलाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

**तसर्थ, लामखुट्टेको टोकाईबाट बच्नु नै, डेंगुबाट बच्ने एकमात्र उपाय हो**

(ध्यानाकर्षण: मकवानपुर जिल्ला एवम् यस हेटौंडा उपमहानगरपालिकाअन्तर्गत्का क्षेत्रहरु पनि डेंगु महामारीको उच्च जोखिममा रहेको छ ।)

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सन्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च** :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मि६र जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**